# मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

वर्ष-४ | अंक-१६ | २०७६ मंसिर ११ गते बुधबार | 27 November 2019 Wednesday | मूल्य रू. १०/-



श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## खेतियोग्य जमिनमा दलालको रजाइ

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेतमा खेतीयोग्य जमिन मासिदै गएको छ। खेतियोग्य जमिनलाई घडेरीको रुपमा धमाधम प्लटिङ गर्न थालेपछि विरेन्द्रनगर कुरुप बन्दै गएको हो । खेतियोग्य जग्गा किनबेच हुँदा अन्न तथा तरकारी उत्पादनमा कमि आउन थालेपछि किसानहरु चिन्तित बनेका छन् । धान खेतीका लागि उर्वरशीलभूमि मानिने विरेन्द्रनगरको भुरेली, मुलपानी, कोलडाँडालगायतका क्षेत्रमा खेतीयोग्य जमिनलाई प्लटिङ गरी घडेरीका रुपमा बिक्री वितरण हुने गरेको छ ।

सिँचाइ सुविधा प्रयाप्त सम्भावना भाकको यस क्षेत्रमा खेतीयोग्य उर्वरशीलभूमि घडेरीका रुपमा बिक्री हुँदा कृषि उत्पादनमा कमी आउन थालेको हो। जग्गाको मूल्य अत्यधिक बढ्दै जानथालेपछि रातारात दलालमार्फत किनबेच हुने हुँदा कतिपय उत्पादित जमिन वर्षौदेखि त्यसै खेर गएका छन् । धान उत्पादनको पकेट क्षेत्र मानिएको विरेन्द्रनगरको धान खेतीयोग्य जमिन घडेरीका लागि प्लटिङ गरेर हेक्टरका हेक्टर मासिएको कृषि विकास निर्देशनालय सुर्खेतले जनाएको छ। किसनले अन्न तथा तरकारी उत्पादन गर्ने जमिनमा घर घडेरी हुँदा किसान मर्कामा परेका कृषि विकास निर्देशनालय सुर्खेतका सुचना अधिकारी भक्तिराम शर्माले बताए । भूउपयोग नीति समेत विरेन्द्रनगरमा लागु नभएपछि विरेन्द्रनगरको कृषि भविष्य समाप्त हुने खतरा बढेको छ । केही वर्षभित्रै विरेन्द्रनगरका धेरै ठाउँमा खेतीयोग्य तथा समथर भु(भाग हराउँदै जाँदा खाद्यान्न सङ्कट हुने अवस्था आउने कृषि विज्ञहरु बताउछन् । शहरउन्मुख क्षेत्रमा मानव वस्तीको बढ्दो चापले खेतीयोग्य जमिन मासिदै जाँदा छिट्टै भविष्यमा खाद्यान्न न्युन भइ ठुलो सङ्कट देखा पर्ने खतरा छ । समुन्द्री सतहबाट लगभग ६६५ मीटरको उचाइमा रहेको नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाब्ला र दक्षिणमा चुरे पहाडको हर्रे रहेको छ । वीरेन्द्रनगर नगरपालिकमा बसोबासको प्रारम्भ वि.सं. २०२३ सालबाट भएको पाइन्छ। विरेन्द्रनगर सुर्खेत उपत्यकामा फाटफुट रुपमा थारु र राजी समुदायको बसोबास रहेको इतिहाँस छ । तर, हाल राजधानीमा परिणतभएपछि कर्णालीका १० वटै जिल्लाबाट वसाइसराई गर्नेको संख्या बढेको छ। कर्णालीका पहाडी तथा हिमाली क्षेत्रका जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता पाइन्छ। वीरेन्द्रनगर दिनप्रतिदिन कुरुप बन्दै गएको विज्ञहरु बताउँछन्। राजधानीस्थित प्रदेशद्वार सुव्वाकुनादेखि पश्चिम बांगेसिमलसम्म जग्गा प्लटिङ, खाली ठाउँमा अतिक्रमण र राजमार्ग छेउछाउमा अव्यवस्थित रूपमा घर निर्माण हुन थालेका छन् । ग्रिन क्षेत्रका लागि छुट्याएको क्षेत्रमा समेत अतिक्रमण हुन लागेको छ । वीरेन्द्रनगरमा रहेको सार्वजनिक जग्गा समेत गुरुयोजना विपरीत वितरण गरेको पाइएको छ भने, अतिक्रमण पनि उत्तिकै छ ।



कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत। तस्विर : मिसन न्यूज

बाँकी ८ पेजमा.....

## उत्कृष्ट विद्यार्थी पुरस्कृत

**कालिकोट-** जिल्लाको तिलागुफा नगरपालिकाले शैक्षिक सुधारका लागि नगरभित्रका उत्कृष्ट विद्यार्थी, विद्यालय र अभिभावकलाई सम्मान गरेको छ। स्थानीय साझेदार संस्था भिडिसेफ नेपालद्वारा संचालित युवा सशक्तिकरण परियोजना, सेभ द चिल्डेनको सहयोगमा तिलागुफा नगरपालिकाले नगरको शैक्षिक गुणस्तर सुधारका लागि उत्कृष्ट विद्यार्थी, विद्यालय र अभिभावकलाई सम्मान गरेको हो । नगरपालिका भित्रका माध्यामिक विद्यालयमा सबैभन्दा बढी नियमित विद्यालयमा हाजिरी हुने, विद्यालयका अतिरिक्त क्रियाकलापमा सहभागीता जनाउने, पढाइमा मेहनति, अनुशासित विद्यार्थीलाई सम्मान गरिएको थियो । विद्यालयमा भर्ना भएको विद्यार्थीको नियमितता, व्यवस्थापनमा उत्कृष्ट विद्यालय र विद्यालययको व्यवस्थापनमा सक्रिय, आफ्नो बच्चालाई नियमित विद्यालय पठाउने, विद्यालयमा गएर आफ्नो विद्यार्थीको पढाइको अवस्थाका बारेमा नियमित जानकारी दिने अभिभावकलाई छनोट गरी सम्मान गरिएको हो।

भिडिसेफ नेपालको युवा सशक्तिकरण परियोजना संयोजक भुपालसिंह बोहोराले तिलागुफा नगरपालिकाको क्षिक्षा शाखाले गरेको छनोटका आधारमा तिलागुफाका ६ वटा विद्यालयका ६ जना उत्कृष्ट विद्यार्थी, ६ जना अभिभावक र एउटा विद्यालयलाई सम्मान गरिएको बताए । उनका अनुसार उत्कृष्ट विद्यार्थीलाई दोसल्लाह, प्रमाणपत्र रर स्टेसनरी, अभिभावकलाई प्रमाणपत्र, दोसल्ला र उत्कृष्ट बिद्यालयलाई प्रमाणपत्र, दोसल्ला र डिस्नेयरी समेत प्रदान गरिएको छ। तिलागुफा नगरपालिका प्रमुख रतनबहादुर शाहीले खस्किदै गएको शैक्षिक गुणस्तर उकास्नका लागि उत्कृष्ट विद्यालय, विद्यार्थी र अभिभावकलाई सम्मान गरिएको बताए । कालिकोटको नरहरिनाथ गाउँपालिकाको आयोजना र भिडिसेफ नेपाल कालिकोट र सेभ द चिल्डेनको साझेदारीमा संचालित युवा सशक्तिकरण बुलगारी परियोजनाको सहयोगमा बाल दिवसको अवसर पारि विभिन्न कार्यक्रम सम्पन्न गरेको हो। भिडिसेफ नेपालका अध्यक्ष मीनबहादुर बोगटीले जिल्लाको नरहरीनाथ गाउँपालिका र तिलागुफा नगरपालिकामा संचालित युवा सशक्तिकरण परियोजना चालु आर्थिक वर्षमा मात्र ८० जना बालबालिकालाई १० हजारका दरले छात्रबृति समेत प्रदान गरिएको बताए । उनका अनुसार तिलागुफाका ३३ जना र नरहरीनाथका ४७ जना विद्यार्थीलाई नियमित विद्यालय आउन र शैक्षिक सामग्री किन्नका लागि छात्रबृति प्रदान गरिएको हो । यस्तै नरहरीनाथ

बाँकी ८ पेजमा.....

## दुर्गम गाउँमा खानेपानीको विकराल अवस्था

मिसन न्यूज

कालिकोट

कर्णाली प्रदेशको दुरदराज गाउँमा खानेपानीको विकराल अवस्था छ। कर्णालीमा जति समृद्धिको नारा लगाइए पनि खानेपानीको निकै अभाव देखिएको हो। कर्णालीका दुर्गम गाउँमा पुर्वाधारको अवस्था स्थानीय सरकार आएपछि सामान्य रुपमा बदलिए पनि खानेपानीको उस्तै हालत छ । कालिकोटको पलाँता गाउँपालिका(२ बान्जडाकी सरस्वती प्याकुरेलको दैनिकी पीठिउँमा खानेपानीको भारी बोक्दै बित्छ ।

एक गाग्री पानी लिन उनी दुई घण्टाको बाटो हिँडेर खोला किनारमा रहेको धारामा पुग्ने गर्छिन् । गाउँमा पानीको निकै पीडा पाएकी सरस्वती त एक प्रतिनिधि मुलक पात्र मात्र हुन्। उनि जस्तै पानीको जोहो गर्दै यहाँका धेरै स्थानीयको दैनिकी गुजरा गर्न मुस्कील बन्दै गएको छ। उनले खाडाको घरबाट एक घण्टा ओरोलो झरेर थाडीबाट पानी ल्याउनुपर्ने बाध्यता छ। सरस्वतीको वषादेखिँ पानी बोक्दा बोक्दै थाप्लोका कपाल झरिसकेका छन् । सजिलै एक गाग्री पानी पाउँदा पनि लडाइँ जितेजस्तै गर्नु पर्ने समस्या छ। धारोमा गाउँभरिका मानिस पानी भर्न लाइन लागेर बसेका हुन्छन्। जीवनकै ठुलो दुःख पानीको पाएको सरस्वतीको गुनासो छ। गाउँमा आउने सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिले खानेपानी समस्या समाधानका लागि धेरै आश्वासन दिए पनि पानीकै पिरलो छुट्न नसकेको स्थानीय महिलाहरू गुनासो गर्छन् । पलाँताको खाँडामा एउटा मात्र धारो छ। त्यहि पनि पालो कुरेर वस्नु मात्र होइन् । रातभरी जागराम वस्नु पर्ने बाध्यता छ। धाराको वरिपोरी विस्कुन डाँसे जस्तै रित्ता भाँडाको लस्कर लागेको छ। पानी भर्न लाइन लाग्नुपर्ने हुँदा छिटो भर्न खोज्दा भागदौड हुने र बालबालिका घाइतेसमेत हुने गरेका छन्। धौलागोह राडुनेटाकी ६० बर्षिया



पलाँताको धौलागोह बान्जाडामा पानी भर्न ल्याइएको स्थानीयका रित्ता गाग्री। तस्विर : मिसन न्यूज

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## समृद्ध कर्णालीमा जोड गरौं

७ दशक लामो राजनीतिक संक्रमणकाल पूरा गरेर संघीयतासंगै कर्णालीमा पनि विकासको चहलपहल हुन थालेको छ । संघीयताको लामो समयदेखि पक्षपोषण गरिरहेका राजनीतिक दलहरू मात्र होइन, सर्वसाधारण तथा निजी क्षेत्र पनि कर्णालीमा अब समृद्धिको यात्रा सुरु हुनेमा आशावादी छन् । संघीयत नेपालजस्तो बहुसांस्कृतिक, बहुजाती, बहुभाषी देशका लागि लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यास हो । तर, संसारका उदाहरणहरू हेर्ने हो भने कुनै पनि देश शासकीय पद्धतिका कारणमात्र नभई, दृढ राजनीतिक इच्छाशक्तिले मात्र विकास तथा समृद्ध भएका छन् । कर्णालीको समृद्धि तथा देशको विकासम्म पुग्ने साधन मात्रै हुन् । त्यसैले संघीयता आफैमा त्यस्तो कुनै जादुको छडी भने होइन समृद्धिका लागि । तर, नेपालमा सदियौंदेखिको दमन तथा उत्पिडनले एउटा वर्गमात्र राज्यका स्रोत दोहन गरेर समृद्ध भयो र अन्य वर्ग भाषाभाषी राज्यका प्रणालीबाट मात्र होइन स्रोतबाट समेत बिमुख हुन पुगे भन्ने गुनासो थियो । स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भएर नेपाल संघीयतामा प्रवेश गरेसँगै अब गुनासो अथवा विकास तथा समृद्धिको बाटमोतर्फको यात्रा सुरु गर्न ढिलाइ गर्ने बहाना सकिएको छ ।

साथै, लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले विकासबाट प्राप्त लाभकोरु समन्यायिक वितरण हुन दिशा निदेर्रुश गरेकोरु र विकासबाट प्राप्त हुने लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तु सम्बन्धित परियोरुजना क्षेरुत्र र स्थानीय समुदायलाई कानुनबमोजिम वितरण गर्नुपनेर्रु संवैरुधानिक प्रावधान स्पष्ट किटिदिएकाले पनि प्राकृतिक स्रोरुतको उपयोरुगमा स्रुथानीय समुदायकोरु सहभागितालाई संविधानलेरु मार्गप्रशस्त गरेकोरु छ । यसबाट स्थानीय तहमा स्रोतको सुनिश्चितता हुने र लाभको समन्यायिक वितरण भई गरिब तथा धनीबीचको विभेद कम हुने आशा गर्न सकिन्छ । गरिब तथा धनीको विभेद घट्दै जाँदामात्रै समाजमा द्वन्द्व निराकरण हुन्छ । त्यसैले, राजस्व बाँडफाँडका विषयमा पनि संघ, प्रदेरुश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रभित्र कर लगाउन र ती स्रोतबाट राजस्व उठाउन सक्नेरु संविधानले स्पष्ट व्यवस्था गरेको छ । आर्थिक अधिकार प्रयोग गर्न संघ, प्रदेश र स्थानीय तह स्वतन्त्र भएकाले तिनै तहले सोच्न जरुरी छ ।

## खानेपानी पाउनै मुस्किल

निशा कडेल
सुर्खेत

पंञ्चपुरी नगरपालिका ८ मा बिगत केही महिना देखि खानेपानि समिति नेतृत्व बिहिन हुदाँ खानेपानी समस्या झन विकराल बन्दै गएको छ । दुलालथाई माझिगाउ चुनेरीताल खानेपानि



उपभोक्ता समितिले राजिनामा दिएपछि अहिले खानेपानी आयोजना अलपत्र अवस्थामा पुगेको हो । २०३७ सालमा निर्माण भएको खानेपानी आयोजनामा करिब १ सय भन्दा बढि धाराहरु निर्माण गरिएका थिए । सान्नेको मुहान देखि सुरु भएको खानेपानी आयोजनाको मर्मत सम्भार नहुदाँ उपभोक्ताहरु प्रत्यक्ष मारमा परेका छन् । तत्कालीन खानेपानी अध्यक्ष थानिप्रसाद घिमिरेले राजिनामा दिएपछि पटकपटक नयाँ समिति गठनका लागि प्रयास गर्दा पनि राजनीतिक भागबन्डा कै कारण समिति गठन हुन ढिलाइ भएको छ। सहमति का लागि अध्यक्ष का प्रत्यासी ललित सुनार र डिलबहादुर बिसी बिच पटक( पटक सहमति जुटाउन पहल गरिदा पनि सहमति नहुदाँ अहिले वडा कार्यालयले खानेपानी को जिम्मा लिएको हो । मुहान खरिदका लागि प्रत्येक घरबाट ३ हजारका दरले रकम जम्मा गरि संचालन गरिएको खानेपानी आयोजनामा करिब ५ सय भन्दा बढि उपभोक्ताहरु रहेका छन् । मर्मत सम्भारका लागि बिभिन्न निकायमा पहल गर्दा पनि सुनुवाई नभएको माझिगाउँका स्थानीय नागरिक टिकाराम कडेलले बताए । चुनेरिताल, माझिगाउ र दुलालथाईका विभिन्न धाराहरु जिर्ण हुदाँ समयमै धारामा पानी नआउने भएको हुदाँ नजिकैको खोला र छिमेकीको इनारमा गएर पानी ल्याउने गरेको स्थानीय पबित्रा पौडेलले बताइन । आगनमै पानिको धारा भए पनि धारामा पानीको पालो कुर्नुपर्ने र १ घण्टा पछि मात्रै पानी भर्न पाउने समस्या छ । पंञ्चपुरी नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष भक्तिप्रसाद पौडेलले गत बर्ष खानेपानी आयोजना मर्मत सम्भारका लागि बजेट बिनियोजन गरिएको र समयमै काम सम्पन्न नभएको कारण यो बर्ष बजेट बिनियोजन नगरिएको बताए । उनले भने,'खानेपानी ट्याङ्की निर्माण र पाईप बिछ्याउने काम भएको र धारामा पानी नआउदा स्थानीय नागरिकको बिकासमा चासो नभएसम्म बजेटले मात्रै केही नहुँने समेत महसुस गरिएको छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं ।**

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# सलामी, गुलामी, मलामी



**संकेत कोइराला**

एकपटक मन्दिरको बलेसीमा रहेको ढुंगाले मन्दिरभित्र स्थापित ढुंगाको मूर्तिलाई सोधेछ- 'साथी तिमी पनि पहाडबाटै झरेको, म पनि पहाडबाटै झरेको, तिमी पनि ढुंगा, म पनि ढुंगा तर पनि मान्छे तिमीलाई रातोदिन पूजा गर्छन, फूलप्रसाद चढाएर ढोग्छन्। तर मभित्र के तेस्तो दोष छ र, हरपल फोहोर खुट्टाको प्रहार खेप्नुपर्छ।' मन्दिर भित्रको ढुंगो मन्द मुस्काउँदै जवाफ दिन्छ- 'हो साथी हाम्रो जात एउटै, थातथलो एउटै हुँदाहुँदा छिनो बजारिँदा भोगिएको पीडा पनि एउटै तर मानिसले तिमीमाथि एक चोट के हिर्काएका थिए, तिमी प्याट्ट फुटेर दुई टुक्रा भयौ। त्यसैले तिमीलाई मानिसले जुत्ता पुछ्ने सिंढी बनाए। हुन त ममाथि पनि छिनोको निर्मम प्रहार भएकै हो तर मैले त्यो असह्य चोट समन गरें। त्यसैले तिमी त्यहाँ छौ म यहाँ छु।

सबै चोट खानेहरु सफल हुँदैनन। सफल हुन त चोट खप्न सक्नुपर्छ।' स्वतन्त्र भारतको पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरु दिवंगत हुँदा तीनपुस्ता कोकोहोलो मच्चाउँदै सडकमा निस्कियो। दक्षिण एशियाका नेताहरुमा इतिहासले नेहरुको मरणलाई उच्च सम्मान दिएर मूल्यांकन गऱ्यो। नेताले लिएको आदर्श, अडान देशको हितमा कति कालजयी हुनसक्यो भनेर समयको मानकमा उ इस्पात भएर निस्कने हो। वास्तवमा नेता पनि ढलोट मूर्तिजस्तै हो। पहिला अविरल अनि निर्मम कुटाई खान्छ, जब भगवानको आकारमा अनुवाद हुन्छ, प्रहार गर्ने नै अन्ततः लम्पसार परेर समर्पित हुन्छ। शक्तिमा हुँदा त स्यालको गर्जन नै काफी छ। यस्तो बेला प्राप्त हुने मलामी भनेको स्वार्थी झुण्ड शिवाय केही होइन। सिनेमाको रंगीन संसारबाट राजनीतिमा हेलिएकी तमिलनाडुकी मुख्यमन्त्री जय ललिताको निधन हुँदा अरु ७७ जनाले ज्यान फालेका थिए। विशुद्ध नेता एउटा त्यस्तो ग्रह हो, जो अस्ताउँदा अरु थुप्रै उपग्रहको अन्त्य स्वाभाविक हुन्छ। राजनीतिमा सफल क्रान्तिकारी नेताले राजनेताको श्रीपेच धारण गर्छ भने असफल भएमा अपराधी करार हुन्छ। अपराधी हुन मान्छेको शिर ठुन्क्याउनु पर्छ भन्ने होइन, जब सामूहिक अपेक्षा शहीद बनाइन्छ भने त्यो पात्रको भौतिक उपस्थिति पनि निस्सार हुन्छ। जब पुलिसको सुरक्षामा उसको दैनिकी वित्न थाल्छ, उभित्रको नेतृत्व क्षमता धमिरा लागेको बुझ्नुपर्छ। सम्भवतः अभूतपूर्व हुने अवसर गुमाएर भूतपूर्वमा सीमित हुने हाम्रा ठूला मान्छेहरुलाई पुलिसको पछुवा जरुरी हुनु पछाडिको मनोविज्ञान पनि यही नै हो। यदि देशको नक्सा, झण्डा, राष्ट्रिय गीत नभएर हामी भित्रको मनोविज्ञानलाई सामर्थ्य मान्ने हो भने देशको योग्य नागरिक हुने न्यूनतम योग्यता धेरै नेपालीमा छैन्। देशलाई रत्नपार्कजस्तो मनमौजीको थलो बनाएर रत्यौली खेल्नुलाई नागरिक हुनुको धर्म किमार्थ पूरा हुँदैन। दुखसाथ भन्नुपर्दा अधिकांशको दैनिकी त्यसरी नै वितेको छ। कोही नाङ्गो भएर सडकमा देखिएला, कोही बन्द कोठामा अति व्यस्तको नेमप्लेट टाँगेर निर्णय गर्ला तर भीआईपी निर्णय अझ घातक ठहरिने गरेको छ।

देश तंग्रिन नसक्दा आफ्ना गहना दिएर सहयोग गर्ने कोरियाली महिलाले देखाएको उदारता हाम्रा कति नारीका लागि सुपाच्य हुन्छ ? देशलाई समृद्धिको बाटोमा लैजान कपाल बेचेर इतिहास कोरेका कोरियाली मनोविज्ञान कसका लागि प्रेरक होला ? यहाँ त लोकसेवा पास गरेर देशको चीरहरणमा सहभागी हुने र एजेन्टको काम गरेवापत तनखा लिएर पेट पाल्नेबीच किन्चित अन्तर भेटिन्न। रावणायण लेखिएन, त्यसैले रामायणको प्रचार भयो। तर कुनै चेलीलाई सोधिँदा तिमी कस्तो दाजु चाहन्छ्यौ भन्दा नेपाली समाजमा कसैले रावणजस्तो भन्ने हिम्मत गर्न सक्दैन। हामी त्यो समाजका उपज हौं, जसलाई क देखि अगाडि र ज्ञ भन्दा पछाडिको संसार खोज्ने न फुर्सद छ, न जाँगर नै। रावण त्यो पात्र हो, जसले बहिनीको अपमान सहन नसकेर राजवंशमा लडाईंको शंखनाद गरेर आफू नासियो तर सम्झौता गरेन। शत्रुकी पत्नी अपहरण गऱ्यो तर छुनु त परै जाओस, अनैतिक सोच्ने संस्कार उ भित्र छँदै थिएन। मान्यताका यी ठेली विर्सिएर हामी बच्चाले आमाको दूध चुस्दासमेत महिला अधिकार हनन् हुने कुतर्कतर्फ जाँदैछौं। स्तनपान दिवस मनाउने रहरले कुत्कुत्याउँछ। सत्य चाहिँ के हो भने किराफट्याङ्ग मर्लान भनेर हात्तीले आफ्नो दैनिकीबाट विश्राम लियो भने के हुन्छ ? प्रकृति त प्रकृति नै हो नि- सर्पअघि पक्कै भ्यागुताको जन्म भएको हुनुपर्छ। मृग बाघभन्दा कान्छो पक्कै होइन। माछा बनाएपछि प्रकृतिले बकुल्ला आविष्कार गरेको भनियो भने नजाति हुन्न होला। नियालेर हेरियो भने असम्भावनाभित्र सम्भावना हुन्छ। यदि तपाईं जुनसुकै विषयलाई गहिरो बनाउँदै जानुभयो भने आफ्नो जन्मदिने बाउको अनुहारमा पनि बाँदरको छनक देख्न थाल्नु हुनेछ। एक दशकयता भएका राजनीतिक कागतालीको समीक्षा गर्दा छर्लङ्ग हुन्छ- यो देशमा को भयो भन्दा पनि को मन्त्री भएन ? राज्य संयन्त्रमा नालायक मानिसको उपस्थितिलाई समावेशी भनियो। अनुजा बानियाँदेखि कन्चन रेग्मीजस्ता पात्र यही नर्सरीमा जन्माएर अरु मानिस निरपेक्ष बस्यौं। साग बेच्नेले साग बेचेर हैन, सिंहदरबार पुगेर सपना पूरा हुने भाकलमा दिन वितायो। पहिचान हैन अवसर, जात हैन सोच, भाषा हैन शिक्षा, धर्म हैन मानवता, संविधान होइन प्रणाली, भागवण्डा होइन, एकता आजको आवश्यकता हो। तर सत्य बोली हुतिहाराका दैनिकी जस्ता भएका छन्।

भारतीय राष्ट्रपति एपीजे अब्दुल कलाम मुस्लिम थिए। नमाज पढेपछि सितारमा नित्य रामधून बजाउने उनी बाक्लै साधुहरुको सामीप्यमा पुग्थे। उनको मान्यता थियो- 'महान मानिसहरु धर्मलाई मित्रताको माध्यम बनाउँछन्। छुद्र मानिसहरु यसलाई प्रतिष्ठाको मुद्दा बनाएर लडाईं झगडामा अग्रसर हुन्छन्।' पुस्तकालयमा कुरान, बाइबल र गीताका किताव एउटै खातमा मिलाएर राखिएका हुन्छन्। यी पुस्तक आफैं लडाईं गरेको उदाहरण कतै भेटिदैन। तर जब धर्मका नाममा विभेदको खेती गर्नेहरुले स्वार्थको रोटी सेकाउन निर्जीव मान्यतामा धावा बोल्ने गरेका छन्। संसारमा भएका धर्मयुद्ध पछाडिको तीतो सत्य यही नै हो। कुन धर्मावलम्बीलाई मंसिर-पुसको पारिलो घाम मन पर्दैन ? वास्तवमा सवैलाई उत्तिक्कै प्यारो लाग्ने जाडोको पारिलो घाम चाहिँ धर्म हो। कुवाको पानी र ज्ञान उस्तै हो। जो कहिल्यै झिकेर र बाँडेर रित्तिदैन। कागजमा देश देखिए पनि सार्वभौम मुलुक बनाउने प्रयास सधैं यस्तै तोरीलाउरे काइदाका कारण अर्द्धविराममा टुंगियो। मूल्य पानीको हैन प्यासको, मृत्युको होइन सासको र प्रेमको होइन विश्वासको हुन्छ। राजनीतिमा उपयोगवाद कति घातक हुन्छ भन्ने तथ्य आजभन्दा १ सय ६५ वर्ष पहिले राजा राजेन्द्रले जंगबहादुरको उछितो काढ्दै सैनिक पल्टनलाई लेखेको यो चिट्ठीले पुष्टि गर्छ। जंगबहादुरको अधिकार कटौति गरिएको उक्त पत्रमा भनिएको छ- 'जंग्याले मेरा विनाहुकुम भैयाद भारादार मारी उन्का जाहान् बच्चासमेत् मधेशमा धपाउदा र ६ हरुलाई पनि औलामा आफ्ना मनोग्य गरी धपायो. आजकाल अर्काका स्वास्नी पनी टिपि घर लैजांछ भंदा सुनीन्छ . यस्तो निमक्हराम जंग्या हत्यारोलाई मैले मुषती यारीबाट षारीज गऱ्या. यस्तो पातकी टाढाका गोतियाहरु र भारदारहरु मार्न्या फेरी आफ्नु आग्या चलाइ हजुरको कामकाजमा हुकुम् चल्दैन भनी जबरदस्ती दुनित्राहरुको सही हलाइ मेरा हजूरमा अर्जी चऱ्हाइ पठाउन लाउन्या ढुंगाको बीगार्न्या सबै जंग्या हो।' कृष्णलाल मारिएपनि उनको लेखनी सत्यबाट डगमगाएको छैन्। मकैको खेती पुस्तकको भूमिकामा भनिएको छ- '. सरकारले आफ्ना देशका कुकुरहरु भन्दा विदेशी कुकुरहरुको बढ्ता मान गर्छ तर चोर डाकाहरुबाट हाम्रो रक्षा गर्ने बखत गद्दामा सुत्ने विदेशी कुकुरहरु काम लाग्दैनन्।

स्वदेशी कुकुरहरु नै काम लाग्छन्।' पृथ्वीमा तीन प्रकारका रत्न छन् जल, अन्न र मीठो बचन वा सूक्ति। तर मूर्खहरुले पत्थरलाई रत्नको नाम दिएका छन्। ठूला महापुरुष आफ्ना आचार विचारमा सदैव दृढ रहन्छन्। जब कि युगको अन्त्यमा सुमेरु पर्वतले पनि आफ्नो ठाउँ छोड्छ। कल्प समाप्त भएपछि समुद्रमा पानीले आफ्नो सीमा नाघ्दछ र पृथ्वीलाई जलमग्न बनाइदिन्छ। तर सज्जनले आफ्नो सच्चाइ र परोपकारको बाटो कहिल्यै पनि छोड्दैन्। भनिन्छ नि, भोको पेट, खाली गोजी र असफल प्रेमले मानिसलाई धेरै सिकाउँछ। छाताले परेको पानी रोक्ने साहस त राख्दैन तर वर्षामा उभिने हिम्मत भने पक्कै दिन्छ। इमान्दारी पनि त्यही हतियार हो। सत्य मेरी आमा, ज्ञान मेरा पिता, धर्म मेरा दाजुभाइ, दया मेरी बहिनी, शान्ति मेरी पत्नी, क्षमा मेरो छोरो, यी ६ वटा मेरा बन्धु हुन। इनारमा हालेको बाल्टिन यदि झुक्यो भने पानी भरिएर बाहिर निस्कन्छ। जिन्दगीको गणित पनि यस्तै हो, जो झुक्छ उसले केही प्राप्त गर्छ। दादागिरी त मरेपछि पनि गरिन्छ, सबै पैदल हिँड्दै हुन्छन, आफू काँधमा बसिन्छ। निराशावादी मान्छे पोखिएको दूधको चिन्ता गर्छ, आशावादी मान्छे बचेको दूध हेरेर खुसी हुन्छ। तपाईंको धन गयो, घर गयो, जागिर गयो, तर चरित्र बाँकी छ, विद्वता बाँकी छ। त्यो भन्दा पनि बढी तपाईको सिंगो भोलि र भविष्य बाँकी छ। आशावादी मानिस घोडाको लिदी भेट्यो भने घोडा खोज्न दौडन्छ तर हार मान्दैन। कुसे न्यूजबाट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।**

**२. साझँ पख सधै ज्वरो आउनु।**

**३. खाना खान मन नलाग्नु।**

**४. तौल(वजन) घट्नु।**

**५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ।**

**पचालझरना गाउँपालिका**
**कालिकोट**

# सदरमुकाम सिसिटिभीको निगरानीमा

विष्णुप्रसाद न्यौपाने
कालिकोट

जिल्ला प्रहरी कार्यालय कालिकोटले अपराध नियन्त्रणका लागि सक्रियता देखाएको छ। 'हाम्रो कालिकोट, सुरक्षित कालिकोट' भन्ने नारासहित जिल्लालाई नै अपराध रहित जिल्ला बनाउने घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले अपराध नियन्त्रणका लागि जिल्ला सदरमुकाम मान्म बजारमका साथै आसपासका बजारहरुमा पनि सिसीटिभीको जडान गर्न लागेको हो। गत आर्थिक वर्षमा जिल्लाको सदरमुकामको मुख्य बजारमा जडान गरिएको सिसिटिभी अपराध नियन्त्रणमा प्रभावकारी भएपछि जिल्लाको जिते बजार, हुल्म बजार, मान्मको गाउँ, जिल्ला अस्पताल, सदरमुकामको तल्लो बजार, माथिल्लो बजार, कोटदरबार हुँदै ताडी बजारसम्म सिसिटिभी जडान गर्न लागिएको जिल्ला प्रहरी कार्यालयय प्रमुख डीएसपी श्यामबाबु ओलीयाले बताए।

उनले अब कालिकोट जिल्लाको सदरमुकाम मान्म बजारका साथै आसपासका बजारमा अपराध न्यूनिकरणका लागि सिसीटिभी मार्फत निगरानी गरिने बताए। उनले भने, 'खाँडाचक्र नगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको सक्रियतामा प्रदेश सरकारबाट बजेटको माग गरि १८ वटा ठाँउमा क्यामेरा जडान गर्न लागिएको छ। जसका लागि बिहिबार खाँडाचक्र नगरपालिका प्रमूख जसीप्रसाद पाण्डे, प्रमूख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेल र प्राविधिकसहितको टोलीले सिसिटिभी जडानका लागि सर्बे गरेको छ। जसका आधारमा लागत स्टमेट पनि निकालिएको छ। प्राविधिक टोलीले गरेको स्टमेट अनुसार जिते बजार, हुल्म बजार,


कालिकोटको सदरमुकाम स्थित कर्णाली राजमार्गको सुनार खोलामा सिसिटिभी जडानका लागि सर्भे गर्दै टोली।

मान्मको गाउँ, जिल्ला अस्पताल, सदरमुकामको तल्लो बजार, माथिल्लो बजार, कोटदरबार हुँदै ताडी बजारसम्म सिसिटिभी जडान गर्न १८ लाख ३ हजार ९ सय २५ रुपैयाँ आवश्यक पर्नेछ। उक्त बजेट प्रदेश सरकारको आन्तरिक मामिलला तथा कानुन मन्त्रालयमा माग गरिएको छ।

जिल्ला सदरमुकाम मान्म बजारको ठाउँ ठाउँमा जडान गरिएको सिसिटिभी क्यामेराले कहाँ के भइरहेको छ भन्ने कुरा जिल्ला प्रहरी कार्यालयको एक कोठाबाट निगरानी हुन्छ। डिएसपी ओलीयाले भने, 'बजारमा हुने चोरी, सार्बजानिक सम्पत्तिको सुरक्षा, झैंझगडा लगायतका सामाजिक अपराधमा कमी आउने छ। उनले कालिकोट जिल्लालाई अपराध रहित जिल्ला र शान्त, सभ्य जिल्लाका रुपमा पहिचान बनाउन जिल्ला सदरमुकामबाट सुरुवात गरिएको बताए। उनले भने, 'कालिकोटको परिचय सदरमुकामले दिन्छ।

अब बजारका सार्बजानिक स्थानमा फोहोर गर्नेहरुलाई पनि सिसीटिभीको निगरानीका आधारमा कारबाही गरिनेछ।' खाँडाचक्र नगरपालिका प्रमुख जसीप्रसाद पाण्डेले सुरक्षित जिल्ला बनाउनका लागि सिसिटिभी क्यामेरा जडान गर्न पहल थालिएको बताए। उनले भने, 'नगरपालिकाका बढी अपराधहरु हुने र हुन सक्ने स्थानहरु सबैमा सिसिटिभी क्याम्यरा जडान भएपछि अपराधिक घटनाहरुमा कमी आउने अपेक्षा गरिएको छ।

## महिला हिंसाविरुद्ध अन्तरक्रिया कार्यक्रम

लिलाराज संज्याल
सुर्खेत

कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरमा महिंला हिंसा सम्वन्धी अन्तरक्रिया कार्यक्रम गरिएको छ। महिलामाथि हुने हिंसा तथा दुरव्यावहार रोक्ने उद्देश्यले सरोकाररवालाविच अन्तरक्रिया कार्यक्रम गरिएको हो। कर्णालीमा महिलामाथि हुने हिंसा वढ्दो देखिएककाले यसका अन्त्य गर्ने सवैले जाग्नुपर्ने सहभागीले बताए। हिंसा न्यूनिकरण रोक्नको लागि महिला, राजनितिक दल, सुरक्षाकर्मिलगाएत अन्य निकायको महत्वपुर्ण भुमिका निर्वाह गर्नुपर्ने सहभागी महिला अधिकारकर्मी पवित्रा शाहीले बताइन्। 'समानताका पुस्ता, बलात्कार विरुद्धको ऐक्ववद्धता' भन्ने नाराका साथ सुरु भएको अभियान आगामी २४ मंसीरसम्म संचालन हुनेछ। अभियानका क्रममा विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिने भएको छ। अभियान अन्तरर्गत महिला हिंसाविरुद्ध भइरहेका प्रयासका विषयमा सम्बन्धित सरोकारवालासँग छलफल, हिंसा रोक्न अपनाउने रणनीति, पिडितलाई समयमै न्याय र पिडकलाई कारबाही गर्न ध्यानाकर्षण गराउने, लैंगिक हिंसाविरुद्ध एवं महिला अधिकारको निम्ति सचेतनामूलक कार्यक्रम, जागरण अभियान, छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन हुने भएका छन्। कर्णालीमा लैगिक हिंसा तथा वालवालिकाको अवस्थाका घटनाहरु न्युनीकरण नभएकाले हरेक वर्षको नोभेम्बर २५ तारिखदेखि डिसेम्बर १० सम्म महिला हिंसाविरुद्ध १६ दिने अभियान संचालन गर्दै आइएको छ। पछिल्लो एक तथ्याङ्क अनुसार विश्वका ७० प्रतिशत महिला कुनै न कुनै रुपमा हिंसामा पर्ने गरेका छन्। कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयद्धारा आयोजित कार्यक्रम आवाज संस्थाले सहकार्य गरेको थियो।

**स्वास्थ्य सन्देश**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

पलाँता गाउँपालिका
कालिकोट

**प्रकोप नियन्त्रणको सूचना**

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

रास्कोट नगरपालिका
कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

महावै गाउँपालिका
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# पहिरोको जोखिम न्यूनीकरणमा स्थानिय तह प्रतिबद्ध

मिसन न्यूज
कालिकोट

कालिकोट जिल्ला विपदको हिसाबमा पहिरोको उच्च जोखिम रहेको पाइएको छ। जिल्ला विपद व्यवस्थापन समितिले सोमबार सदरमुकाम मान्ममा एक कार्यक्रमको आयोजना गरि विपद्का हिसाबमा कालिकोट पहिरो र ढुंगा खस्ने उच्च र हेको जनाएको छ । जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौड्यालको अध्यक्षतामा वैठक बसि कालिकोट जिल्ला पहिरो र ढुंगा खस्ने उच्च जोखिममा रहेको जानकारी गराएका हुन् । जिल्लाका ९ वटै स्थानिय तहका प्रमुखहरुको प्रमुखहरुको सहभागितामा सो कुराको जानकारी गराइको हो। भौगोलिक हिसाबमा अरु जिल्लाहरु भन्दा कालिकोट निकै भिरालो र बलौटे माटो भएको हुनाले पहिरो र ढुंगा खस्ने मुख्य समस्या



रहेको प्रमुख जिल्ला अधिकारि पौड्यालले बताए । विपद्को हिसाबमा अहिलेसम्म कालिकोटमा पहिरोले धेरैको ज्यान गएको पुष्टि भएको बताए। उनले भने, पहिरोपछि अगालागी पनि बढी हुनेगरेको जानकारी दिए। केही समय पहिले कालिकोटको तिलागुफा नगरपालिका टाकुल्लामा वस्तिनै पहिरोले लिएको थियो । त्यसअघि पनि धेरै घटनाहरु पहिरोलेनै घटाएको तथ्यांक रहेको बताए। पहिरो पछि अर्को जोखिम अगालागी रहेको छ। यँहाका घरहरु ४० प्रतिशत भन्दा बढी घरले छोएका घरहरु हुनाले पनि दोस्रोमा आगलागी रहेको जानकारी दिए। विपद् व्यवस्थापन न्युनिकरणमा कालिकोटका स्थानिय तहका जनप्रतिनिधिहरु प्रतिबद्ध भएका छन । विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा हरेक स्थानिय तहमा विपद् व्यवस्थापन समितिको गठन गर्नुपर्ने भएपनि अहिलेसम्म समिति गठन हुन नसकेको पाइएको छ। ऐनमा प्रष्ट भएपनि अहिलेसम्म कुनै समिति, विपद् जोखिम न्युनीकरणका साम्रगीहरु, विपद् जोखिम न्युनीकरण कोष स्थापना नगरिएको, विपद्मा आवश्यक पर्ने सम्रगीहरुको भण्डारण नगरिएको स्थानिय तहका प्रमुखहरुले बताएका छन् । अवदेखि विपद् व्यवस्थापन न्युनिकरणमा गर्नु पर्ने सबै विधिहरु कानुन अनुसार, अक्षरंश पालना गर्ने प्रतिबद्धता गरेका छन्। उनीहरुले,जलवायु परिर्वतन र विपदले विषेश गरि अतिवृष्टी अनावृष्टी, खण्डवृष्टी, सुख्खा खडेरी, बाढी पहिर ोको विषयमा कानुनमा भए अनुसारको पालना गर्ने, स्थानिय तहमा विपद् कोष स्थापना गर्ने, विपद् व्यवस्थापन समिति गठन गर्ने, सुख्खा ठाँउमा वृक्षारोपण गरी पहिरो नियन्त्रणका प्रयासको

बाँकी ८ पेजमा.....

# चिसोका कारण सारियो प्रहरीचौकी

मिसन न्यूज
हुम्ला

हुम्ला उच्च हिमाली जिल्ला भएकाले चिसो बढेसँगै सीमा क्षेत्रमा रहेका प्रहरीचौकी सारिन थालिएको छ । जिल्लाको उत्तरी नाम्खा गाउँपालिकाको सदरमुकामभन्दा नाम्खा गाउँपालिका उपल्लो हुम्ला भएकाले चिसो अत्यधिक हुने गरेको छ। यतिबेला लिमीमा हिउँसमेत जमेकाले बिहान बेलुका बढी चिसो हुने गरेको जिल्ला प्रहरी कार्यालय हुम्लाले जानकारी दिएको छ। कर्णाली



लिमीमा रहेको प्रहरीचौकी सारिएको हो । यहाँ चिसो माइनस एक डिग्रीमा पुगेसँगै उत्तरी क्षेत्रमा रहेको लिमी प्रहरीचौकीका इन्चार्ज दीपेन्द्र पन्तको नेतृत्वमा रहेको ११ जनाको टोली जिल्ला प्रहरी कार्यालय सिमकोट सारिएको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक रामप्रसाद घर्तीमगरले जानकारी दिए। कात्तिक महिनाको मध्य महिनादेखि हुम्लामा चिसो बढ्ने भएका उत्तरी नाम्खा गाउँपालिकामा बढी चिसो हुने भएकाले प्रहरी चौकी सारिएको प्रहरी नायब उपरीक्षक घर्तीमगरले जानकारी दिए । जिल्ला प्रदेशका अन्य जिल्ला मध्य हुम्लामा बढी हिमपात हुनुका साथै चिसो बढी हुने भएकाले उच्च क्षेत्रमा रहेका प्रहरीचौकी सारिने गरिन्छ। सीमा सुरक्षाका लागि राखिएको हिल्ला प्रहरीचौकी पनि चिसो बढेसँगै सदरमुकाम सिमकोटमा सारिने तयारी भइरहेको प्रहरी नायब उपरीक्षक घर्तीमगरले जानकारी दिए।

नेपाल र चीनको मुख्य नाका हिल्सा भएकाले त्यस नाकाबाट अवैध व्यापार आयातनिर्यात हुने भएकाले सीमा क्षेत्रमा राखिएको प्रहरीचौकी आउँदो

बाँकी ८ पेजमा.....

# पुत्रको आसमा ११ छोरी

मिसन न्यूज
कालिकोट

'छोरा नभए अपुतो भन्ने समाजमा इज्जत जोगाउन ११ पटक सुत्केरी भएँ। तीन सन्तानको सानैमा निधन भयो अझै छोरा जन्मिएन ।' शुभकालिका गाउँपालिका-३ की जमरा रोकायाले भावुक हुँदै सुनाइन्। छोरा पाउने आसमा ११ चोटि सुत्केरी हुँदा पनि छोरा नजन्मिँदा शुभकालिका गाउँपालिका-३ की जमरा रोकाया समाजबाट अपहेलित हुनुपर्‍यो। अहिले जमराको १ छोरा जन्मियो अनि समाजले सफल महिला ठान्यो । जमराका आठ छोरी छन्। छोरीहरूको विवाह भए पनि जमराले नाति, पनातिदेखि सकिन्। अंश खाने छोरा नै चाहिन्छ भन्ने सोच भएको समाजले गर्दा धेरै दुखः पाएको उनले सुनाइन्। छोरा नहुँदा श्रीमान्ले रातदिन जाँडरक्सी खाएर थर्काउँदा घरमा दिनहुँ झगडा हुन्थ्यो । झगडाका कारण जमराको मन दुख्थ्यो । उनले भनिन्, 'आठ छोरी, श्रीमान् र सानो छोरालाई हुर्काउन र पढाउन साह्रै अप्ठ्यारो भएको छ। जमराका श्रीमान् हाल भारतमा रोजगारीका लागि गएका छन्। श्रीमान् छोराको पढाइ खर्च जुटाउन भारत गएको उनले सुनाइन्।१५ वर्षको उमेरमा जमराको बिहे भएको हो । ओडारमा गाउन जाने, गोठ बस्ने पुरानो चलन भएको हुँदा आफूले श्रीमान्सँग भागेर विवाह गरेको बताइन। जमरा ४४ वर्षकी भइन्। उनको १४ वर्षको उमेरैमै



विवाह भएको हो । जमरा मात्र होइन, किशोरावस्थामै आमा बन्ने किशोरी कालिकोटमा थुप्रै छन्। दशकअघि बाल विवाहको चरम रूप देखिने कालिकोटमा यो संख्या अझै उस्तै छ। जमराको स्वास्थ्य अवस्थामा कमजोर हुँदै छ। उनले भनिन्, 'गाउँघरमा रातदिन नभनी काम गर्नुपर्ने, खानपिनमा राम्रो नहुने, सासू-ससुराको बोलीले मन चरक्क हुन्थ्यो। कामका चापले गर्दा सन्तानको राम्रो हेरविचार गर्न पनि सकिनँ अहिले न बालबालिकाको पढाइ राम्रो छ न स्वास्थ्य नै।' धेरै सन्तान जन्माए भविष्यमा दुःख कष्टको ओइरो

बाँकी ८ पेजमा.....


## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# रारा घुम्न बाटोको सकस

मिसन न्यूज

मुगु

राराताल घुम्न असोज लागेदेखि नै जानेहरूको घुइँचो छ। दैनिक सयौं गाडी नेपालकै सबैभन्दा ठूलो सुन्दर ताल मुगुको रारातलका लागि प्रस्थान गर्छन् । टाढा भएकाले समूहमा मिलेर सानो गाडी रिजर्भ गरेर जानेहरू धेरै छन् । जोडी वा सडकमा गाडी फसेको अवस्थामा त दुई दिनसम्म बाटोमै रोकिनुपर्छ। सडक स्तरोन्नति नहुँदा राराको आनन्द लिन आउने पर्यटकले तालको सुन्दरताभन्दा पनि बाटोको सास्तीले हैरानी खेप्नुपरेको छ। यो सडक सञ्चालनमा आएको करिब एक दशक पुग्नै लाग्यो। यतिका समयसम्म कालोपत्रे हुनुपर्ने सडक अहिलेसम्म ग्राभेल पनि भएको छैन। भ्रमण वर्ष २०२० सञ्चालन हुन



बाँधेर मोटरसाइकलमा काठमाडौंलगायत बाहिर बाट जाने पनि उत्तिकै छन् । यतिबेला रारामा पर्यटकको घुइँचो मात्रै होइन, त्यहाँका होटल सञ्चालकहरूलाई पाउन राख्न भ्याई नभ्याई छ। भ्रमण वर्ष घोषणा भएलगत्तै कर्णाली सरकारले र रालाई केन्द्रित गरी कर्णालीमा १ लाख पर्यटक यस वर्ष पुर्‍याउने लक्ष्य प्रस्तुत गरेको थियो। र राप्रति आकर्षण भए पनि एकपटक पुगेको मानिस फेरि फर्केर जाने स्थिति देखिँदैन । कार ण हो नाग्म-गमगढी सडक। कालिकोट र जुम्लाको सिमाना नाग्मदेखि मुगुको गमगढीसम्म ९४ किलोमिटर कच्ची सडक छ। दूरीका हिसाबले नाग्मदेखि गमगढी पुग्न अधिकतम चार घण्टा लाग्नुपर्ने हो। तर, सडकको दूरावस्थाका कारण कम्तिमा एक दिन खर्चिनुपर्छ। कतै पहिरा खसेमा केही समय मात्र बाँकी रहँदा नाग्म-गमगढी सडकखण्डको अवस्था उस्तै जुम्ला सिंजा गाउँपालिका रामसिंह रावलले बताए । 'भ्रमण वर्ष सुरु हुन केही दिन मात्र बाँकी छ', उनले भने, 'नाग्म-गमगढी सडकखण्डमा यात्रा गर्दा र पाइँमा गएको अनुभव हुन्छ । यस्तो सडकमा सास्ती खेपेर फर्केका पर्यटकले कर्णाली र रार प्रति कस्तो सन्देश लिएर जान्छन् । सरकारले यसतर्फ ध्यान दिएको खोई ?' सिंगल लेनको यो सडकमा पानी पर्दा हिलो र घाम लागे धूलोले यात्रा गर्नै नसक्ने अवस्थामा पुग्ने हिमा गाउँपालिकाका नरदीप शाहीले बताए । 'जाँदै गर्दा ठूलो उत्साह बोकेर गएका हुन्छन् पर्यटक', उनले भने, 'फर्किने बेला भने अब फेरि रारा

**बाँकी ८ पेजमा.....**

# दूधमा उमालेर तुलसिको पात खादाँ फाइदा

तुलसीको पात निकै उपयोगी हुन्छ । सामान्य ज्वरो, रुघा आदिबाट बच्न मात्र होइन, यसको नियमित सेवनले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउन सकिन्छ। साथै तुलसीले वायु शुद्धीकरण गर्ने काम पनि गर्छ । यस्तै, दूध पनि बहुगुणी पेय हो। यो जति स्वादिलो हुन्छ, उत्तिनै गुणकारी पनि। यसमा क्याल्सियम लगायत पोषक तत्त्व पाइन्छ। अब दूध र तुलसीलाई एकै ठाउँ मिश्रण गरिए के होला ? यदि नियमित रूपले तुलसीको पात दूधमा उमालेर पिउने हो भने धेरै किसिमको रोगबाट मुक्त हुन सकिन्छ।



### दम रोगमा फाइदा

यदि तपाईं श्वासप्रश्वाससँग सम्बन्धित समस्याले ग्रस्त हुनुहुन्छ भने दूधमा तुलसीको पात उमालेर पिउनु लाभदायक हुन्छ। नियमित रुपमा तुलसीको पात दूधमा उमालेर सेवन गर्दा दम रोगमा फाइदा गर्छ ।

### माइग्रेनमा राहत

दूधमा तुलसीको पात उमालेर पिउँदा टाउको दुखाई वा माइग्रेन जस्ता समस्याबाट राहत मिल्छ ।

### तनाव वा डिप्रेसनमा

यदि तपाईंमा तनाव वा डिप्रेसनको समस्या छ भने पनि दूधमा तुलसीको पत्ता उमालेर सेवन गर्न सक्नुहुन्छ, जो निकै लाभदायक हुन्छ। तनाव एवं चिन्ता कम हुन्छ । डिप्रेसन रोगीका लागि पनि यो लाभदायक हुन्छ।

### हृदय रोगमा

दूधमा तुलसीको पात उमालेर नियमित सेवन गर्दा हृदय रोगीलाई निकै फाइदा गर्छ। त्यतिमात्र होइन, यसले मुटुलाई स्वस्थ राख्न पनि सहयोग गर्छ ।

### पत्थरीको समस्यामा

यदि कुनै व्यक्तिलाई पत्थरीको समस्या छ भने दूधमा तुलसीको पात उमालेर खाली पेटमा पिउनुपर्छ । यसो गर्नाले मिर्गौलाबाट पत्थरी हट्छ ।

### रोग प्रतिरोधात्मक क्षमता

तुलसीको पातमा एन्टिअक्सिडेन्ट गुण पाइन्छ, जो हाम्रो शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग गर्छ। यतिमात्र होइन, यसमा क्यान्सर पैदा गर्ने कोशिकासँग लड्ने क्षमता पनि हुन्छ । यसका साथै तुलसीको पातमा एन्टिब्याक्टेरियल एवं एन्टिभाइरल गुण हुन्छ।

### कसरी सेवन गर्ने ?

यसलाई औषधी बनाउनका लागि तपाईंले डेढ गिलास दूध उमाल्नुपर्छ। जब दूध उम्लन सुरु गर्छ त्यसमा ८ देखि १० वटा तुलसीको पात राख्नुपर्छ। अब एक गिलास दूध भएपछि त्यसलाई सेलाउन दिनुपर्छ । मनतातो भएपछि पिउन सकिन्छ।

## हाम्रो अनुरोध

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं।**

**कृषि ज्ञान केन्द्रको कार्यालय**
**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

# ऐतिहासिक रानीपोखरी पुनर्निर्माण

मिसन न्यूज

काठमाडौं

आगामी वैशाखसम्ममा सक्नेगरी ऐतिहासिक रानीपोखरीको पुनर्निर्माण भइरहेको छ। अहिले पोखरीमा कालो माटो लगाउने, पर्खाल निर्माण गर्ने र बीच भागमा रहेको बालगोपालेश्वर मन्दिर पुनर्निर्माण भइरहेको छ। २०७२ वैशाख १२ गते गएको भूकम्पले क्षतिग्रस्त रानीपोखरी र बालगोपालेश्वर मन्दिर पुनर्निर्माणको काममा तीन वर्ष ढिलाइ भएपछि पछिल्लो समय राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जिम्मा लिएको हो। निर्धारित समयमै सक्नेगरी कामले गति लिएको प्रधिकरणको दाबी छ। पुसको अन्तिम सातासम्ममा पर्खाल लगाउने र पोखरीमा कालो माटो राख्ने कामले पूर्णता पाउने प्राधिकरणका सम्पदा विज्ञ राजुमान मानन्धरले बताए। यस्तै बालगोपालश्वर मन्दिरको पुनर्निर्माणको कामसमेत तीव्र रूपमा भइरहेको छ। मन्दिरको निर्माणको काम अहिले २० प्रतिशत सकिएको छ। हाल मन्दिरमा काठको काम भइरहेको छ। पार्खालको काम ८५ प्रतिशत सकिएको छ भने पोखरीको काम ४० प्रतिशत सकिएको मानन्धरले बताए। 'वैशाखसम्ममा नागरिकले पुरानै शौलीको रानीपोखरी देख्न पाउनेछन्', उनले भने। बाँकी काम पनि नियमितरूपमा भइरहेको छ। सुरुआतमा काठमाडौं महानगरपालिले पुनर्निर्माण गर्ने भनिए पनि कहिले पुरातत्व विभागसँग त कहिले कामपामा नै आन्तरिक कुरा नमिल्दा तीन वर्षसम्म काममा ढिलाइ भएको हो। मन्त्रिपरिषद्को गत माघ १४ को बैठकले रानीपोखरी र बालगोपालेश्वर मन्दिरलगायत सो क्षेत्रमा रहेका पुरातात्विक संरचनाको पुनर्निर्माण प्राधिकरणलाई जिम्मा दिएपछि निर्माणको काम अघि बढेको हो।



# दमकल विभागलाई बीस हजार डलर सहयोग

एजेन्सी

अस्ट्रेलिया

गैरआवासीय नेपाली संघ(एनआरएनए) अस्ट्रेलियाले संकलन गरेको बीस हजार डलर न्यु साउथवेल्स रुलर फायर सर्भिसलाई हस्तान्तरण गरेको छ। अस्ट्रेलियाको विभिन्न स्थानमा केही दिनदेखि जंगलमा लागेको डढेलोका कारण धनजनको क्षति हुनुका साथै हजारौं मानिस प्रभावित बन्न पुगेका थिए। यसै क्रममा स्थानीय तहमा एनआरएनले सहयोग संकलन अभियान थालनी गरेको थियो। दुई दिनभित्र नै लक्ष्यभन्दा बढी सहयोग रकम उठेको र सोही बमोजिम बीस हजार डलर ग्रामीण दमकल सेवा विभागलाई प्रदान गरिएको आर्थिक संकलन समितिका संयोजक तथा एनआरएनएका कोषाध्यक्ष अनिल पोखरेलले बताए। एनआरएन ग्लोबल उपाध्यक्ष मन केसी, अध्यक्ष केशव कडेंल, कोषाध्यक्ष अनिल पोखरेल,युवा संयोजक इर्शाद अहमद,नारि निकुन्जकी संयोजक सन्ध्या शाह,पूर्व कोषाध्यक्ष डिला खरेल लगायतको टोलीले सो रकम एनएसडब्लुका ग्रामीण दमकल विभागका निर्देशक सेन फिच्सीमोन्सलाई हस्तान्तरण गरेका थिए। जन्मभूमिको सेवामा लागिपरेको एनआरएनले कर्मभूमीमा आपतविपत पर्दा पनि आफ्नो भूमिका देखाउनुपर्छ भन्ने मान्यता बमोजिम सहयोग रकम संकलन अभियान सुरू गरिएको एनआरएनका महासचिव ज्ञानेन्द्र रेग्मीले बताए। दस हजार लक्ष्य लिएर उठाइएको सहयोग रकममा बीस हजार डलर जम्मा भएको थियो। स्थानीय अभियन्ता तथा कानुन व्यवसायी शम्सेरसिंह थापाले सामाजिक सञ्जालमार्फत् अस्ट्रेलियाको आगलागीमा नेपाली समुदाय सहयोगमा जुट्नु पर्ने आह्वान गरेपछि विभिन्न संघसंस्था तथा व्यक्तिहरू यस अभियानमा जुटेका थिए।



# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। मिहिनेत परे पनि समयमा काम नबन्न सक्छ। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। |
| वृष : | बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। व्यापार र पेसामा राम्रै फाइदा हुनेछ। |
| मिथुन : | प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। तर ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन्। |
| कर्कट : | थकान र अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। अप्ठ्यारा परिस्थितिले काम गर्न विलम्ब हुनेछ। समयको तालमेल नमिल्दा आफ्ना विषयवस्तुमा अरूले दाबी गर्नेछन्। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। |
| सिंह : | परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्ने हुन सक्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। |
| कन्या : | नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ। |
| तुला : | समयमा आफ्नो हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। |
| वृश्चिक : | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ। |
| धनु : | भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। दिगो योजनाका लागि ऋण लिनुपर्ने आवश्यकता पर्न सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। |
| मकर : | दिगो काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। आम्दानीका स्रोत बढ्नाले मनग्य धनलाभ हुनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। श्रमको उचित मूल्यांकन हुनेछ। |
| कुम्भ : | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। |
| मीन : | श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहनेछ र उपलब्धिविहीन काममा समय बित्न सक्छ। तापनि, गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। |

## दुर्गम गाउँमा खानेपानीको........................

वेलकला बमको पीडा पनि कम छैन् । उनि रातभरी पानीको लागि धारोमै वास बस्ने गर्छन् । पानीको लागि पाउँनु दु:ख पाएको पीडा पोख्छिन् । विगतका सरकारभन्दा स्थानीय सरकार आएपछि खानेपानीको आशा जागेको स्थानीय बलले बताईन् । बालबालीकालाई पानी ल्याउँदै रातदिन बित्छ । स्कुल जानै भ्याइँदैन । पानी नहुँदा नुहाउन नपाइने र विद्यालयमा शिक्षकले रिसाउने गर्छन । बान्जडामा खानेपानीका लागि बजेट नआएको पनि होइन । पलाँताकै चर्चित बुड्ने खानेपानी आयोजनामा वर्षौंदेखि बजेट आइरहेको छ । लाखौं बजेट खर्चिए पनि खानेपानी योजना अधुरै रहेका छन् । पलाँताको खाडाँ,बान्जाडा र थिर्पुको पारौटी जिल्लाकै सबैभन्दा बढी खानेपानी अभाव क्षेत्र रहेका हुन् । बान्जाडाका एक सय ८२ घरधुरीका लागि गाउँमा एउटा मात्र खानेपानी धारा रहेको छ । गाउँपालिकाले वडा नं. २ लाई लक्षित गर्दै २३ किलोमिटर टाढाबाट खानेपानी ल्याउने कार्य भइरहेको गाउँपालिकाले जनाएको छ । खानेपानी आयोजनाका लागि गाउँपालिकाले १० करोडभन्दा बढी लगानी गर्ने तयारी गरेको छ । स्थानीयको आवश्यकतालार्य मध्यनजर गर्दै खानेपानीका योजना चालु आर्थिक वर्षमै सुरुवात गरिने पलाँता २ का वडाध्यक्ष वृद्धि कामीले बताए । गाँउपालिकाले विकास निर्माण कार्यदल लगायर पाइप लाइन खनेको छ । गाउँमा पानी भने आउन सकेको छैन । तर, गाउँपालिकाले भने यसै वर्षभित्र गाउँमा खानेपानी पुऱ्याउने स्थानीयलाई आसवाशन दिएको छ । खानेपानी उपभोक्ता समितिलको लापरवाहीले पनि खानेपानी योजना अलपत्र पर्ने गरेको जनगुनाशो आउने गरेको छ । उपभोक्ताको बदमासीलाई खबदारी गर्न र काम सम्पन गर्ने विकास निर्माण कार्यदलको जिम्मा लगाएको गाउँपालिले बताएको छ । पलाँता पारौटीमा पनि उस्तै पानीको दर्दनाक अवस्था छ । खानेपानीको अभाव हुदाँ टाढाबाट बोकेर खानेपानीको जोहो गर्नु परेको स्थानीय बताउँछन् । यहाँका स्थानीयलाई पानीको हाहाकार मचिएको छ । खानेपानी उपभोक्ता समिति र खानेपानी कार्यालयको लापरवाहीका कारणले हामीले खानेपानी नपाएको वडाध्यक्ष नै दुखेसो गर्छन् । खानेपानी समस्याबारे खानेपानी कार्यालय र उपभोक्ता समितिलाई कार्यालयबाट पत्रचार गरेर समस्या हल गर्न निर्देशन दिइएको वडाध्यक्ष बर्जबहादुर बलमे बताए ।

## रारा घुम्न बाटोको...............................

नआउने भन्छन् । बाटोको स्तरोन्नति नभएसम्म आफू मात्र होइन, आफन्तलाई पनि पठाउँदैनौं भन्छन् ।’ हाल नाग्मदेखि आचार्यलिहीसम्म २५ किलोमिटर सडक दुई लेन फराकिलो बनाउन स्तरोन्नतिको काम भइरहेको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताए । ‘कर्णाली राजमार्गको दुई लेन सडक नबनाउँदै ओटासिल गरियो । अहिले गाडी वार पार गर्न पनि गाह्रो छ’, उनले भने, ‘त्यो अवस्था नआओस भनेर नाग्म-गमगढी सडकखण्डमा दुई लेन सडक नबनाएर कालोपत्रे गरिँदैन ।’ दुई लेन सडक बनाउने तयारी भइरहेको तर दुई लेनका लागि संचरना निर्माण गर्न ढिला हुने भएका कारणले भ्रमण वर्षमा नै सबै काम नसकिने प्रमुख महताराको भनाइ छ । ‘भ्रमण वर्षमा सबै स्तरोन्नति होला भन्न त सकिँदैन ।’ उनले भने, ‘डबल कटिङ र पहिरो जाने ठाउँमा अपग्रेडिङको काम गर्ने गरी डीपीआर तयार पारेका छौं ।’

## खेतियोग्य जमिनमा..........................

कुरुप बन्दै विरेन्द्रनगर

सार्वजनिक जग्गा मनलाग्दी बाँडेर सकिँदै छ । सुर्खेत उपत्यका नगर विकास समितिले आफू निकटका विभिन्न संघ संस्था र व्यक्तिलाई जग्गा वितरण गर्दै आएको स्थानीयले आरोप लागाएका छन् ।

कृषियोग्य जमिनलाई बेच विखन गर्न नपाइने खालको कानून अहिलेको आवश्यकता रहेको यहाँका स्थानीयको भनाइ छ । धान लगाउन जग्गामा घेडेरी गरेर जग्गा वितरण हुँदा किसानलाई निकै मर्का परेको छ । विरेन्द्रनगर २ कोल्डाँडामा विगतका वर्षदेखि खेति गर्दै आएका कालीबहादुर बुढा पनि चिन्तित छन् । खेतियोग्य जमिनमा धमाधम प्लटिङ हुन थालेपछि उनि चिन्तित बनेका हुन् । अर्काको साँझो जग्गा खाँदै आको भए पनि प्लटिङमा जग्गा जाँदा निकै मन दुखेको कृषक कालीबहादुर बुढाले सुनाए । खेतियोग्या जमिनमा दलाल भरिने गरेको अर्का कृषक गोपाल बुढाले बताए । सहरमा खाली ठाउँ हुँदाहुँदै पनि खेतमा दलाल पसेको उनले दुखेसो गरे । यस्तै सयौं किसानहरु जग्गा प्लटिङ हुँदा निराशा बनेका छन् । सुर्खेतमा पछिल्लो समय जग्गाको खण्डिकरण एवं प्लटिङ्ग गर्ने कार्य रोक्न नसक्दा अव्यवस्थित बसोबास बढिरहेको हो । खेतियोग्य जमिन मासिदै जाँदा प्रदेश सरकार नगरपालिकाले कुनै पहल थालेको छैन् ।

## उत्कृष्ट विद्यार्थी..............................

गाउँपालिकाले गत आर्थिक वर्षको एसईईमा पालिका भरीमा उत्कृष्ठ ग्रेड ल्याई पास भएका ३ जना बालबालिकालाई नगद र प्रमाणपत्रसहित सम्मान गरियो । गाउँपालिकाले स्थापना गरेको पालिका अध्यक्ष उत्कृष्ट पुरुस्कारबाट नन्दादेवी मावि कोटबाडाका खेमराज बिष्टलाई ५० हजार, नन्दादेवी मावि कोटबाडाकै भरत विकलाई ४० हजार र जनता मावि रुप्साका महेन्द्रमान सहकारीलाई ३० हजार नगदसहित सम्मान गरिएको थियो ।

## पहिरोको जोखिम न्यूनीकरणमा........................

थालनी गर्ने, जोखिम क्षेत्रमा पुर्व सुचना अनिवार्य गर्ने, स्थानिय तहका आ आफनो जोखिम क्षेत्रको पहिचान गरी, रोकाथामका प्रयास गर्ने, विपद् व्यवस्थापनका क्षेत्रमा मुख्य कुरा सडक निर्माणमा वातावरणीय मुल्यांकन गरी सडक निर्माण गर्ने प्रतिबद्धता गरेका छन् ।

## चिसोका कारण सारियो.............................

मङ्सिर १५ गतेसम्म सारिने तयारी भइरहेको उनले जानकारी दिए । जिल्ला उत्तरी नाम्खा गाउँपालिकाको माथिल्लो क्षेत्र लिमी, हिल्सामा अत्यधिक कठ्याङ्गिने चिसो हुने भएकाले विभिन्न समस्याका कारण प्रहरी चिसोमा छ महिना सदरमुकाम सिमकोट र वैशाख महिनादेखि माथितिर जाने गरेको जिल्ला प्रहरी कार्यलय हुम्लाका प्रहरी नायब उपरीक्षक घर्तीमगरले जानकारी दिए । हिउँदको समयमा त्यस क्षेत्रमा राखिएका चौकीमा कार्यरत प्रहरीका लागि सेवा सुविधा नभएको र त्यस क्षेत्रमा हिउँदको समयमा चौकी राख्न निकै समस्या हुनाभएकाले जिल्लामा नै सारिने गरिएको उनले जानकारी दिए । उत्तरी नाम्खा गाउँपालिकाको लिमी, तिल, जाङ, हल्जी, यारी, हिल्सालगायतका क्षेत्रमा बाक्लो हिमपात हुने भएकाले यहाँका स्थानीय जिल्ला बाहिर काठमाडौं, नेपालगञ्ज, सुर्खेतलगायतका शहरमा बसाइँसराइ गर्ने गर्दछन् ।

## पुत्रको आसमा...............................

लाग्ने भन्दै पढाउन लेखाउनसमेत गाह्रो भएको उनले बताइन् । प्रत्येक साल भारत नगई घरपरिवारलाई पाल्न धौधौ पर्छ । उनले भनिन्, ‘स्थानीय सरकार आएपछि केही राहत मिल्ला भन्ने सोचेकी थिएँ । झन् ब्रजपात नै आए जस्तो भएको छ । नौ सन्तानलाई पाल्न, स्याहारसुसार गर्न, कापीकलमसमेत किन्न हम्मेहम्मे भएको जमराले बताइन् ।

**सान्नी त्रिवेणीको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**‘भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य’**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

सर्म्पक ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित ‘ख’ वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत